भंगहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः१२ मितिः२०७७/१२/२६

**भाग-२**

**भंगहा नगरपालिका**

## भंगहा नगरपालिकाको कन्टिजेन्सी खर्च सम्बन्धी कार्यविधि २०७६

नगरपालिकालाई प्राप्त हूने विशेष, सशर्त एवं समपूरक अनूदानका साथै नगरपालिकाको वाषिर्क रुपमा स्वीकृत भई कायार्न्वयन गर्नूपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानूसार कट्टा गरी हून आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयूक्त एव मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हूनेछ।

**२. उद्देश्यः** कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नूका मूख्य उद्देश्यहरु निम्नानूसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारर्दशी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ३ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

(ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सूव्यवस्थित तवरले खर्च गर्न,



भंगहा नगरपालिकाको स्थानीय राजपत्र

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिजेन्सी वापतको रकमको यथार्थ परक विवरण अभिलेखीकरण गर्न, आदि।

**३. कन्टेन्जेन्सी रकमको व्यवस्था:** नगरपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको नियमानूसार कट्टा गरी हून आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ४ मा उल्लेख भए बमोजिमका शीषर्क हरुमा मात्र खर्च गर्न सकिनेछ।

**४. खर्च गर्न सकिने क्षेत्रहरु:** योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई नगरपालिकाले देहायका शीषर्क हरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनूगमन तथा सूपरीवेक्षण एव योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता, अनुगमन भत्ता, लगायत खाजा तथा खाना खर्च,

(ख) योजना कायार्न्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कायार्न्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च, र प्राविधिक कर्मचारीको भत्ता,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न,

(ङ) नगरपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण तालिम गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनूगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च, र सवारी साधन भाडा,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनूशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

(ञ) विभिन्न कामको सिलसिलामा नगरपालिकामा आउने अतिथिहरुको खाना, खाजा लगायत अतिथि सत्कार खर्च,

(ट) नगरपालिकाको कामसँग सम्बन्धित निकायवाट माग भै आए वमोजिम उपलब्ध गराउनुपर्ने सामाग्री खरिद,

(ठ) सवारी साधन मर्मत संभार खर्च,

(ड) दैनिक ज्यालादारीमा काममा लगाईएको व्यक्तिहरुको पारिश्रमिक ।

**५. कन्टिजेन्सी रकमको खर्च प्रकृति:** योजना तथा कार्यक्रमको कूल कन्टिजेन्सी रकम आवश्यकतानुसार चालु र पुँजीगत शिर्षकमा खर्च गर्न सकिने छ ।

**६. कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:**

नगरपालिकाको वाषिर्क स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हूने सशर्त, विशेष तथा समपूरक अनूदान अन्तर्गतका योजना तथा कायार्त्र ्मम्हरुको कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा हिसाव गरी सो को लगत राखिनेछ र त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कायार्न्वयन सगैं खर्च गरिने व्यवस्था मिलाइनेछ ।

**७. थपघट, हेरफेर वा संशोधन:** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनूसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

**८. बाधा अडकाउ फूकाउने अधिकार:**

(क) यस कार्यविधिको कायार्न्वयनको सिलसिलामा कूनै बाधा अडकाउ परेमा सो फूकाउने अधिकार कार्यपालिकाको हूनेछ।

(ख) तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मूलभुत कूरालाई असर गर्ने गरी बाधा अडकाउ फूकाउने अधिकार प्रयोग गर्न सकिने छैन्।

**९. यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत हूनू पुर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट भए गरेका खर्चहरु यसै कार्यविधि अनूरुप भए गरेको मानिनेछ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र